# ६३औं स्वाधीनता दिवस
# मुख्यमन्त्री श्री पवन चामलिङको भाषण

देश अनि राज्यका अति आदरणीय सह-नागरिकगण

हाम्रो महान देश भारतको ६३औं स्वाधीनता दिवसको शुभ अवसरमा सम्पूर्ण नागरिकगणमा म मेरो तर्फबाट न्यानो शुभकामना चढ़ाउनचाहन्छु। यस अवसरमा सिक्किम अनि देशका तमाम नागरिकगणले आगामी पाँच वर्षका लागि आ-आफ्नो चाहनाको सरकार गठन गर्न प्रजातान्त्रिक अधिकारको उपभोग गर्नुभएकोमा हार्दिक बधाई पनि चढ़ाउनचाहन्छु। १९४७ सालमा हामीले प्राप्त गरेको स्वाधीनताकै कारण यो प्रजातान्त्रिक अधिकारलाई उपभोग गर्न हामीले पाएका छौं। देशको स्वाधीनता र यो महान् अधिकारलाई सुरक्षा गर्नु हामी प्रत्येक नागरिकको पहिलो कर्त्तव्य हुनुपर्नेछ। आजको यस महान् अवसरमा हाम्रो देशको स्वाधीनताको लागि सर्वोच्च बलिदान दिनुहुने महात्मा गान्धी, पण्डित नेहरू, सरदार पटेललगायत समस्त ज्ञात-अज्ञात शहीदहरूप्रति म हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नचाहन्छु।

आज देशमा विभिन्न किसिमका चुनौतीहरू सिर्जना भइरहेका छन्। यस्ता चुनौतीका आयामहरू नयाँ-नयाँ छन्। विराट सामाजिक-सांस्कृतिक पटभूमि भएको भारतभित्र विभिन्नतामा एकता र एकतामा विभिन्नता भएका अनेक तहहरू हामी पाउँछौं। सांस्कृतिक विविधतास्वरूप भारतको पूर्वोत्तर इलाकामा मात्रै लगभग २००

जनजातीय समूहहरू छन्। ऐतिहासिक रूपमै सामाजिक-सांस्कृतिक सह-सम्बन्धको विशेषताले परिचित हाम्रो देशले, तर, आज अन्तर्राष्ट्रिय अर्थनैतिक सङ्कट, रोजगारीको समस्या तथा वैश्विक मौसमी परिवर्तनजस्ता समस्याहरूका कारण जटिल सङ्कटको सामना गर्नुपरिरहेको छ। यसको साथै आफ्नै आन्तरिक तनाउ एवं आतङ्कवादी गतिविधिहरूले पनि देशमाथि थप चुनौती खड़ा गरिदिएको छ। यस्तो विषम स्थितिमा देशको एकता र अखण्डतालाई हुनसक्ने खतराप्रति हामी सचेत रहनुपर्नेछ। तर आन्तरिक वा बाह्य जस्तै सङ्कट र बाधाहरू आइपरे पनि हाम्रो देशले त्यस्ता सङ्कटहरूको सामना कैयौं शताब्दीदेखि डटेर गरेको छ र इतिहासमा सधैं विजयी बनेको छ। यस्ता समस्याहरूको सामना गर्न हाम्रो देश आज पनि तत्पर छ, र भोलि पनि रहनेछ।

आज स्वतन्त्रता र मुक्तिको महान् पर्व मनाउने यस घड़ीमा देश तथा देशवासीप्रतिको हाम्रो कर्तव्य एवं दायित्वलाई अझ उच्च इमान र प्रतिबद्धताले निर्वहन गर्ने सङ्कल्प हामीले गर्नुपर्नेछ। आज फेरि डा. मनमोहन सिंहको नेतृत्वमा देशवासीले एक स्थिर एवं प्रगतिशील सरकारलाई केन्द्रमा स्थापित गराएको छ। म सिक्किमेली जनगणको तर्फबाट माननीय प्रधानमन्त्रीप्रति हार्दिक बधाई ज्ञापन गर्दै देश र देशवासीको सुख-शान्ति र समृद्धिको लागि हाम्रो नव गठित केन्द्र सरकारले ऐतिहासिक कामहरू गर्न सक्षम बन्नेछ भन्ने विश्वास व्यक्त गर्नचाहन्छु।

सन् १९७५ सालमा विकास र समृद्धिको बाटोमा सम्मानपूर्वक अघि बढ्ने आकांक्षा लिएर सिक्किम देशको मूलस्रोतमा सम्मिलित

भएको थियो। सिक्किमको त्यो आकांक्षा प्रजातान्त्रिक ढाँचाले नै पूरा गर्नसक्दथ्यो। तर जनगणको त्यो उच्च आशा र अभिलाषालाई छोटो समयकै निम्ति भए पनि दबाउन र जनतालाई शक्तिहीन बनाउन प्रजातन्त्रविरोधी शक्तिहरू सफल भए। त्यो अवस्थाबाट सिक्किमलाई मुक्त गर्न, जनगणलाई उन्मुक्तिको बाटो देखाउन अनि शान्ति, समृद्धि एवं सद्भावनाको दिशामा सिक्किमेली समाजलाई डोहोऱ्याउनका निम्ति राज्यमा सिक्किम डेमोक्रेटिक फ्रण्ट पार्टी जन्मिएको थियो।

अति आदरणीय जनसमुदाय,

तपाईंहरूले विगत १५ वर्षदेखि एसडीएफ पार्टीलाई मतदान गर्नुभएको छ, हामीलाई जाँच्नुभएको छ, र हाम्रो वचनबद्धताको परीक्षा लिनुभएको छ। आज तपाईंहरूले जब हामीलाई चौथोपल्ट पनि सरकार गठन गर्ने मतादेश दिइसक्नुभएको छ, यस अवस्थामा हामीले हाम्रो पार्टी वा सरकारको विश्‍वसनीयताको पक्षमा तर्क वा प्रमाण दिइरहनुपर्ने कुनै जरूरी म महसूस गर्दिनँ। तपाईंहरूको समवेत आवाजले सबै कुरा स्पष्ट गरिसकेको छ। यसपटक पनि हाम्रो पार्टीप्रतिको आफ्नो विश्‍वास र आस्थालाई यथावत कायम राख्दै मतदानको महान् प्रजातान्त्रिक अधिकारको उपयोग गर्नुभएकोमा समस्त सिक्किमेली मतदाताहरूमा राज्य सरकारको पक्षबाट हार्दिक बधाई एवं धन्यवाद ज्ञापन गर्नचाहन्छु।

अति आदरणीय सिक्किमेली जनसमुदाय,

महान् देश भारतको नागरिकको रूपमा आफ्ना उत्तरदायित्व र अधिकारहरूप्रति सचेत रही आज हामीले आफैभित्र पनि गहिरिएर हेर्नुपर्ने र चिन्तन गर्नुपर्ने समय आएको छ भन्ने मलाई लाग्दछ। आज

अत्यन्त शक्तिशाली राष्ट्रहरूसमेत वैश्विक मन्दीको चपेटमा परिरहेका छन्। आजको अर्थनैतिक मन्दी १९३० –को दशकको झैं भयानक मन्दी मानिएको छ। विश्वमा देखा परेको यो महामन्दीको प्रभावबाट देशलाई बचाउने प्रयासस्वरूप केन्द्र सरकारले विशेष उपायहरू अवलम्बन गरेको छ, जसमध्ये बजारको मागलाई प्रोत्साहित गर्न करमा राहत दिइएको छ; अनि सार्वजनिक सम्पत्ति तथा रोजगारी सिर्जना गर्न सार्वजनिक योजनाहरूमा व्यय वृद्धि गरिइएको छ। यो महामन्दीको प्रभाव हामीमाथि के–कति होला भन्ने प्रश्नसँगै हामीले आफ्नो आन्तरिक राजस्वका स्रोतहरू बढ़ाउनु र छिटोभन्दा छिटो आत्मनिर्भरता हासिल गर्नु हाम्रो निम्ति प्रमुख कुरा हो।

विगत १५ वर्षका हाम्रा कार्यहरू उपलब्धिमूलक एवं उत्साहवर्द्धक रहेका छन्। सन् १९९५ सालमा राज्यको सकल घरेलु उत्पादन ४२६ करोड़ रुपियाँ थियो, त्यो २००७ –मा १,७३० करोड़ रुपियाँ पुगेको छ। दशौं योजनाबाट हामीले राज्यको वृद्धि दर १० प्रतिशत पुऱ्याएका छौं भने सन् २००७ –मा प्रतिव्यक्ति सूचकाङ्क साड़े तीन गुणा वृद्धि गरी २९,५६१ रुपियाँ पुऱ्याएका छौं, जुन १९९५–मा केवल ८,९०५ रुपियाँ मात्र थियो। राज्यको आतरिक राजस्व सङ्कलन आज ४३६ करोड़ रुपियाँ पुगेको छ, जुन १९९४–९५ –मा केवल ४४.७२ करोड़ रुपियाँ थियो।

राज्यको विकासमुखी अर्थनैतिक स्थितिलाई कायम राख्नको लागि हामीले आन्तरिक राजस्वको गतिशीलतालाई यथावत् राख्ने विकास रणनीतिहरू लागू गरिरहेका छौं। जलविद्युत उत्पादन, परिपर्यटनको विकास तथा फार्मास्युटिकल्सजस्ता स्वच्छ

उद्योगहरूद्वारा राजस्व आधारलाई मजबुत बनाउने दीर्घमियादी लक्ष्यहरू हामीले निर्धारित गरेका छौं। हामीले राज्यसित उपलब्ध लगभग ८००० मेगावाट जलविद्युत क्षमतालाई सदुपयोग गर्ने योजना बनाई विभिन्न परियोजनाहरू हातमा लिएका छौं, जसबाट समग्रमा ५००० मेगावाट जलविद्युत उत्पादन गरिनेछ। ५१० मेगावाट क्षमता भएको टिस्टा चरण-५ अनि ६० मेगावाट क्षमता भएको रङ्गीत परियोजनासँगै थुप्रै लघु परियोजनाहरूको सञ्चालन-परिचालनद्वारा राज्यको जलविद्युत उत्पादनमा प्रशस्त योगदान पुऱ्याइएको छ।

आज निर्माणाधीन विभिन्न परियोजनाहरू पूरा भएपछि यसक्षेत्रबाट १००० करोड़ रुपियाँभन्दा अधिक राजस्व उत्पादन गर्ने लक्ष्य हामीले लिएका छौं। जनगणको जीवनमा गुणात्मक परिवर्तन ल्याउने क्षेत्रको रूपमा आज परिपर्यटन क्षेत्रको आधार सिक्किममा धेरै मजबुत बनेको छ। यहाँको शीतल जलवायु, सौन्दर्यमय प्रकृति तथा मिलनसार जनगणको कारण पर्यटन क्षेत्र सिक्किममा मौलाएको छ। एउटा तथ्याङ्कअनुसार राज्यमा घरेलु पर्यटकहरूको आगमणमा ३५ प्रतिशत बृद्धि भएको छ। सन् २०१५ -भित्र केन्द्रीय अनुदान र सहयोगको अतिरिक्त पनि एकमुष्ट १५०० करोड़ रुपियाँको राजस्व आर्जन गर्ने हामीले लक्ष्य राखेका छौं। अति आदरणीय जनगण, यदि हामीले साँचो अर्थमै स्वतन्त्रता आर्जन गर्नु हो भने आफ्ना आवश्यकताहरूको परिपूरण गर्न आफ्नै संसाधनहरूको उपयोग गर्नसक्नुपर्छ। त्यसैले यस अवसरमा सिक्किमेली जनगणलाई मितव्ययिताको उपाय अवलम्बन गर्ने अनि आफ्ना आवश्यकता एवं

आकांक्षालाई तर्कसम्मत् ढङ्गले व्यवस्थापन र नियन्त्रण गर्ने अनुरोध गर्नचाहन्छु।

अति आदरणीय जनसमुदाय,

विगत दशकमा शिक्षा क्षेत्रमा उत्साहजनक तरक्की भएको छ। बद्लिँदो विश्व-परिस्थितिमा विश्वस्तरमै चुनौतीहरूको सामना गर्ने र आफ्ना कर्तव्यको निर्वहन गर्नसक्ने सक्षम मानव शक्तिको विकासको दिशामा अझै कार्यहरू गर्नुपर्नेछ। अत: नयाँ युगको आवश्यकतालाई परिपूरण गर्नसक्ने गरी हामीले शिक्षा नीतिलाई नयाँ दिशा दिनुपर्नेछ।

यो लक्ष्यलाई हासिल गर्ने दिशामा नयाँ तौर-तरीकाहरू खोज्दै नयाँ किसिमका पद्धतिहरू लागू गर्ने प्रयास हामी गरिरहेका छौं। राज्य स्तरमै भएपनि खुल्ला हृदयले आधुनिक दृष्टिभङ्गी अप्नाएर शिक्षा क्षेत्रमा आमूलचूल परिवर्तन ल्याउन व्यापक आत्म-समीक्षण हामी गरिरहेका छौं। राज्यमा अल्पमियादी र दीर्घमियादी दुवै किसिमका सुधारहरू ल्याउन हामीलाई पेशेवर सहयोगहरू चाहिएको छ। यसको निम्ति राज्य सरकारले ज्ञान आयोग गठन गरेको छ। यस आयोगले शिक्षा जगतमा सुधार ल्याउने विश्वस्तरीय श्रेष्ठ प्रणालीहरूको सिफारीश गर्नेछ र सरकारलाई सहयोग गर्नेछ।

हामी शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभाविलो र सशक्त पार्नेछौं। यसको निमित्त हामी अविलम्ब सोरेङमा एउटा बीएड कलेज अनि नाम्चीमा जिल्ला शिक्षण तालिम केन्द्र स्थापना गर्नेछौं। शिक्षालाई अझ व्यापक बनाउन हामीले निम्न नयाँ परियोजनाहरू शुरू गरेका छौं :-

क) पाँचौं श्रेणीको परीक्षामा सर्वश्रेष्ठ परिणाम प्राप्त गर्ने सरकारी स्कूलका ४० विद्यार्थीहरूलाई राज्यको कुनै पनि शैक्षिक संस्थानहरूमा पूर्ण छात्रवृत्ति दिइनेछ; यस्ता विद्यार्थीहरू प्रत्येक जिल्लाबाट १० जनाको दरले छनौट गरिनेछ।

ख) राज्य स्तरमा सर्वश्रेष्ठ बनेका १० जना विद्यार्थीहरूलाई देशको सर्वश्रेष्ठ शैक्षिक संस्थानमा सरकारले नै भर्ना गरी पठन-पाठनको पूर्ण जिम्मावारी लिनेछ।

ग) मुख्यमन्त्री नि:शुल्क छात्रवृत्ति योजनाअन्तर्गत विश्वका २० सर्वश्रेष्ठ विश्वविद्यालयहरूमा भर्ना पाउने सिक्किमेली विद्यार्थीहरूलाई पठन-पाठनको व्यवस्था सरकारले गरिदिनेछ।

अति आदरणीय सिक्किमेली जनसमुदाय,

राज्यसँग आज विभिन्न पेशा र दक्षताको तालिम दिने पूर्णाङ्ग क्षमता विकास निदेशालय छ। हाम्रो सरकारले सन् २००३ -मा स्थापना गरेको दक्षता विकास कोषबाट राज्यलाई ठोस परिणाम प्राप्त होस् भन्ने ध्येय राखेर यो निदेशालयको गठन गरिएको छ। यस कोषद्वारा हामी युवावर्गको विभिन्न क्षेत्रका दक्षता र क्षमताको विकास गर्न चाहन्छौं। हाम्रो सरकारको मान्यता छ कि केवल भौतिक पूर्वाधारहरूको विकास र अवसरहरूको सिर्जनाले मात्रै अर्थनैतिक विकासलाई सार्थक बनाउनसकिँदैन। विभिन्न फाँट र क्षेत्रहरूमा उत्पन्न भएका अवसरहरूको सदुपयोग गर्न क्षमतावान जनशक्तिको जरूरत छ, जो शिक्षित हुनुसँगै त्यस्ता अवसरहरूको उपभोग गर्न सक्षम पनि हुन्छन्। दोस्रो कुरो, हाम्रो नयाँ पुस्ताको मानसिकतालाई पारम्परिक पेशाहरूबाट मुक्त गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ। समय र

परिस्थितिले माग गरे अनुरूप पेशाका नयाँ क्षेत्रहरूतर्फ नयाँ पुस्तालाई डोहोऱ्याउनुपर्नेछ। यसको निम्ति राज्यका समस्त जनशक्तिलाई दक्षताको तालिम दिने कार्यलाई हाम्रो सरकारले प्रोत्साहित र उत्प्रेरित गरिरहेको छ, ताकि राज्यको समृद्ध प्राकृतिक संसाधनबाट उत्पन्न अवसरहरूको फायदा हाम्रै स्थानीय जनगणले उठाउनसकून्। अर्को, क्षमता विकास कार्यक्रमलाई अझै सशक्त र समावेशी ढङ्गले परिचालन गर्न हामी यो निदेशालयलाई पूर्ण संस्थानको रूपमा बढ़ोत्तरी गरिरहेका छौं। हामी प्रत्येक समष्टिमा एक-एक पेशेवर तालिम केन्द्रहरूको स्थापना गर्न लागिरहेका छौं।

शिक्षा जनोपयोगी र समयसापेक्ष होस् भन्ने पक्षमा हाम्रो सरकार गम्भीर छ। यही उद्देश्यलाई यथार्थमा परिणत गर्न हाम्रो सरकारले प्रत्येक नागरिकलाई दक्षजनशक्तिको रूपमा विकास गर्न र प्रत्येक शिक्षित नागरिकलाई कार्यसक्षम नागरिक बनाउन दक्षता विकास कार्यक्रमलाई विशेष जोर दिंदै आइरहेको छ। यस कार्यक्रमका निम्ति आज हामीले योजना राशिको १० प्रतिशत रकम अलग्गै फाँटवरी गरेका छौं। यसद्वारा हाम्राा युवाशक्तिलाई देशभित्र वा बाहिर दक्षता विकासको तालिम गराइनेछ। युवा पीढ़ीले यो सुनौलो अवसरको सदुपयोग गरी आफ्नो जीवनलाई सफल तुल्याउनुसँगै राज्यको उन्नतिमा पनि योगदान दिनेछ भन्ने म आशा गर्दछु।

अति आदरणीय जनसमुदाय,

जनगणलाई हाल उपलब्ध गराइएका स्वास्थ्य सुविधाहरूका साथमा स्वास्थ्य तथा स्वस्थ जीवनका सवाल र सरोकारहरूलाई सही ढङ्गले सम्बोधन गर्न जनता र सरकारबीचको सम्बन्धलाई हामी अझै

सबल बनाउन चाहन्छौं। जिल्ला अस्पतालहरूका स्वास्थ्य सुविधालाई अझै बढ़ाइनेछ, र त्यस्ता अस्पतालहरूमा स्वास्थ्य विशेषज्ञ अनि स्वास्थ्य सेवकहरूको संख्या वृद्धि गरिइनेछ।

४५ वर्षभन्दा माथिका सबै सिक्किमेलीहरूको स्वास्थ्य वीमा गराउने नयाँ योजना हामीले शुरू गर्‍यौं। हामी राज्यका सम्पूर्ण जनगणका सामान्य स्वास्थ्य जरूरतहरूका लागि स्वास्थ्य वीमा योजना लागू गर्ने दिशामा पनि विचार गरिरहेका छौं।

सिक्किमका ग्रामीण तहबाटै जनगणलाई गहन रूपमा स्वास्थ्य जाँचको सुविधा उपलब्ध गराउन र सबै जनगणको वर्सेनी स्वास्थ्य जाँच गर्न हामीले **चीफ मिनिस्टर्स कम्प्रिहेन्सिव एन्युअल एण्ड टोटल चेकअप फर हेल्दी सिक्किम** (Chief Minister's Comprehensive Annual & Total Check-up for Healthy Sikkim) नामक एउटा महत्वाकांक्षी योजना शुरू गरेका छौं। यस योजनाले अन्य कार्यहरूसँगै;

क) जनगणको स्वास्थ्य स्थितिलाई सुधार गर्ने प्रभावकारी कदमहरू उठाउन जनगणको रोगसम्बन्धी तथ्यहरूको अध्ययन गर्ने,

ख) रोगका स्पष्ट सङ्केतहरू नहुँदा नहुँदै पनि जनगणको स्वास्थ्य जाँच गरी कुनै रोग यदि भएमा त्यसको पत्ता लगाउने र उपचार गर्ने,

ग) वार्षिक रूपमा उपचार तथ्याङ्कहरूको संग्रहण गर्ने आदि कार्यहरू गर्नेछ।

यस महान अवसरमा मलाई यो घोषणा गर्नपाउँदा खुशी लागिरहेको छ कि रोग–व्याधिहरूको समयमै पत्तो लगाई उपचार

गरिएपछि सिक्किमेली जनगण पूर्ण रूपले स्वस्थ हुनेछन् र राज्यलाई रोगमुक्त गराउने दिशामा यो एउटा युगान्तकारी कदम ठहरिनेछ। यो कार्यक्रम देशमै पहिलो हो र सिक्किमेली जनगणलाई हाम्रोतर्फबाट सौगात पनि हो।

एक वर्षसम्मका शिशुहरूलाई हेपाटाइटिस–बी –को टीकाकरण गर्ने पहिलो राज्य पनि सिक्किम नै हो। अब हामी यो कार्यक्रम पाँच वर्षसम्मका बालक–बालिकाहरूका निम्ति पनि लागू गर्नेछौं।

मुख्यमन्त्री जीवन रक्षा कोषको कार्यसूचीअन्तर्गत गरीब परिवारका महिला तथा नानीहरू, वृद्ध–वृद्धा एवं शारीरिक रूपले अङ्गभङ्ग भएका नागरिकहरूको स्वास्थ्य उपचारका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसअन्तर्गत महिला तथा वृद्ध–वृद्धाहरूका निम्ति अतिरिक्त खुराकस्वरूप भिटामिनका ट्याबलेटहरू उपलब्ध गराइँदैछ। सिक्किमेली जनगणलाई रोगमुक्त राख्न निम्न कार्यक्रमहरू परिचालन गरिँदैछ :– १. मुख्यमन्त्री पौष्टिक आहार योजना – यसअन्तर्गत गरीबी रेखामुनिका परिवारहरूलाई मासिक ४ केजी दाल नि:शुल्क वितरण गरिन्छ,

२. मुख्यमन्त्री जीवन रक्षा कोष,

३. मुख्यमन्त्री नेत्रज्योति योजना – यसअन्तर्गत जरूरतमन्द नागरिकहरूलाई नि:शुल्क चश्मा प्रदान गरिन्छ,

४. मुख्यमन्त्री श्रवणशक्ति योजना – यसअन्तर्गत जरूरतमन्द नागरिकहरूलाई नि:शुल्क श्रवणयन्त्र (HEARING AID) प्रदान गरिन्छ,

५. महिलाहरूमा हुने एनिमिया (रगतको कमी) अनि बाल-बालिकामा हुने कुपोषणको विरुद्ध पाँच वर्षको विशेष कार्यक्रम सञ्चालन गरिन्छ।

६. राज्यका १८ महीनाभन्दा माथिका शिशुहरूलाई एम.एम.आर. टीकाकरण गरिन्छ।

यसका साथै, स्वास्थ्य-सेवालाई आधुनिकीकरण गर्न र सर्वसुलभ बनाउन गान्तोकमा ५७५ पलङ्ग भएको नयाँ अस्पताल निर्माण गरिनेछ।

अति आदरणीय जनसमुदाय,

आज पनि अधिकांश मानिसहरू सरकारी नोकरीभन्दा पर रोजगारीको क्षेत्र देख्न सकिरहेका छैनन्। त्यसकारणले गर्दा आज उत्पन्न भइरहेका रोजगारीका नयाँ अवसर अनि त्यससित जड़ित चुनौतीहरूलाई चिन्न पनि उनीहरू सकिरहेका छैनन्।

मेरा सह-नागरिकगण, आज समय बद्लिएको छ, र समय बहुतै द्रूतगतिमा बद्लिएको छ। अत: म भन्नचाहन्छु, हामी पनि नयाँ वास्तविकताको आधारमा आफैलाई बदलौं। हामी वास्तविकताकको सम्मुखीन बनौं, त्यो वास्तविकता, जहाँ सरकारी नोकरीले मात्रै सबै शिक्षितहरूलाई रोजगारी दिनसक्दैन। तपाईंहरूलाई थाहै छ, आज हामीले शिक्षालाई सर्वसुलभ बनाएका छौं, र हजारौं युवाहरू प्रत्येक वर्ष कलेजबाट स्नातक बनेर निस्किरहेका छन्।

आज हामीले जलविद्युत, परि-पर्यटन तथा फार्मास्युटिकल्सका क्षेत्रहरूमा यथेष्ट रोजगारीका अवसरहरू सिर्जना गरेका छौं। त्यस्ता अवसरहरूको उपभोग हाम्रा स्थानीय जनशक्तिले गरून् भन्ने हाम्रो

चाहना हो। भन्नुको तात्पर्य हाम्रा युवाहरूले त्यस्ता अवसरहरूको उपयोग गर्दै उत्पादनमूलक रोजगारीतर्फ लाग्नुपर्नेछ। यसको निम्ति राज्यमा भइरहेको सामाजिकार्थिक परिवर्तनलाई बुझ्ने अनुरोध म सबै आम जनगणसँग गर्नचाहन्छु। सामाजिक सुरक्षाका विविध प्रावधानहरूका अतिरिक्त पनि हाम्रा मानिसहरूले नै आफ्नो ज्ञान, क्षमता र सीपको विकास गर्नुपर्नेछ, ताकि आज हामीले उपभोग गरिरहेको स्वाधीनतालाई आत्मसम्मान, अनुशासन र कड़ा परिश्रमले समृद्ध बनाउनसकोस्।

आदरणीय सिक्किमेली जनगण,

६२ वर्ष पहिले आर्जन गरिएको स्वाधीनताले हामीलाई आत्मनिर्णयको जुन परिवेश दियो, त्यो निश्चय नै उपनिवेशकहरूकोभन्दा उच्चतर र प्रतिस्पर्द्धात्मक थियो। अत: रोजगारीको प्रश्नसँगै जोड़िएको प्रश्न स्वरोजगारीको प्रश्न पनि हो। प्रकृतिले सिक्किमलाई सम्पूर्ण सुन्दरता दिएको छ। ११५ किलोमिटरको छोटो दुरत्वभित्र विविधतामूलक मौसमी क्षेत्रहरूको अवस्थानले सिक्किममा थरी-थरीका उत्पादनहरू सम्भव हुनसक्छ। यस दृष्टिबाट हेर्दा कृषि, बागवानी तथा फूलखेती अनि औषधीय वनस्पतिहरूको उत्पादबाट मात्र पनि सिक्किमको अर्थनैतिक विकास प्रशस्त हुनसक्नेछ। यसबारे धेरै कुरा गर्नुभन्दा सिक्किममा रहेका केही तथ्यहरूलाई माग र पूर्तिको सन्दर्भमा हेर्नसकिए हालको स्थितिलाई हामी राम्ररी बुझ्नसक्नेछौं :-

१. राज्यमा बर्सेनि फल र फूलको खपत क्रमैले १८,२५४ टन र ६०,१३४ टन हुनेगर्दछ।

२. राज्यमा बर्सेनि खपत हुने २०९५ मेट्रिक टन गोरुको मासुमध्ये २०५० मेट्रिक टन आयात गर्नुपर्दैछ।

३. राज्यमा खपत हुने ७५० मेट्रिक टन सुँगुरको मासुको तुलनामा ३८० मेट्रिक टन आयात गर्नुपर्दैछ।

४. १५० लाख बर्सेनि खपत हुने अण्डामध्ये १३५.२४ लाख अण्डा राज्यमा कम उत्पादन हुनेगर्दछ।

५. बर्सेनि खपत हुने १५०० मेट्रिक टन कुखुराको मासुको तुलनामा १००० मेट्रिक टन मासु कम उत्पादन हुनेगर्दछ।

यी तथ्य राज्यसित भएका एकाध तथ्यहरू मात्र हुन्, जसले माग र आपूर्तिबीचको विशाल खाड़ललाई इङ्गित गर्दछ। अण्डा पहिले कि कुखुरा पहिले भनेजस्तो हामी अन्तहीन तर्क गरिरहनसक्छौं। विवाद जे नै भए पनि हामीलाई दुवै कुराहरू चाहिएका छन्। यस अवसरबाट लाभ उठाउन म समस्त जनगणलाई आह्वान गर्नचाहन्छु।

हाम्रा धेरै युवा उद्यमीहरूले अघिबाटै साग-सब्जी, फूलखेती तथा मौरीपालनलाई व्यवसायको रूपमा अप्नाइसकेका छन्। हामी राज्यमा उपलब्ध यार्सागुम्बालगायतका समस्त औषधीय वनस्पतिहरूको दीर्घमियादी प्रयोग गर्नचाहन्छौं।

प्रिय सिक्किमेली नागरिकगण, सिक्किमलाई उत्पादक राज्य बनाउने हाम्रो अभियानलाई तपाईंहरूले समर्थन गर्नुभएको छ। कुरा सहज पनि छ - जो उत्पादक हुन्छन्, उनीहरू नै मालिक हुन्छन्; उनीहरू नै धनी र समृद्ध पनि हुन्छन्। अनि उनीहरू, जो आफ्नो

जीविकाका लागि अरूमा आश्रित हुन्छन्, उनीहरू कमजोर हुन्छन्, गरीब हुन्छन् अनि आर्थिक रूपले अस्थिर हुन्छन्।

अत: हाम्रा मानिसहरूलाई साग-सब्जी, दूध, मासु, अण्डा, माछा र फलहरूको उत्पादनमा व्यापक रूपमा लागिपर्ने र खाद्य सुरक्षा सुनिश्चित गर्ने आह्वान हामी गर्नचाहन्छौं। यो सहजै हुने कुरा होइन। हामीले आफ्ना जनगणलाई नगदेबाली, साग-पात र फल-फूलहरूको उत्पादनलाई व्यावसायिक रूपमा विकास गर्ने दिशामा निरन्तर प्रोत्साहित गर्नुपर्नेछ।

हामी राज्यको पशुपालन क्षेत्रलाई प्रोत्साहित गर्न कुखरा पालन अभियान, २००९ अनि दुग्ध अभियान, २००९ शुरु गर्न गइरहेका छौं। कुखरा पालन अभियान अन्तर्गत राज्यका गाउँले कुखरा पालक तथा कुखरा पालन फार्महरूलाई विभिन्न सहयोग प्रदान गरिनेछ, र राज्यमा कुखरा तथा अण्डाको मागलाई राज्यभित्रबाटै पूरा गरिनेछ। यसअन्तर्गत प्रशिक्षणका कार्यहरू पनि सञ्चालन गरिनेछ। राज्यका दुग्ध आवश्यकताहरूलाई पूरा गर्न किसान तथा दुध उत्पादक इकाईहरूलाई सहयोग, राहत, अनुदान, प्रशिक्षण दिन दुग्ध अभियान चलाइनेछ। यसबाट राज्यको दुग्ध सामग्रीहरूको मागलाई राज्यभित्रबाट पूरा गरिनुसँगै दुग्ध सामग्रीहरूलाई व्यावसायिक रूपमा विकास पनि गरिनेछ।

अति आदरणीय जनगण,

सामाजिक विकासको महत्वलाई स्वीकार गर्दै अघिल्लो वित्तवर्षको तुलनामा यस वर्ष हामीले ४४ प्रतिशत योजनाराशि सामाजिक कल्याणको क्षेत्रमा बढ़ाएका छौं। यस क्षेत्रको हाम्रा

कल्याण योजनाहरूले जन्मका शिशुदेखि लिएर वृद्धावस्थाका नागरिकहरूसम्मलाई समेटेको छ। सिक्किमेली नागरिकहरूलाई आदर्श मानवको रूपमा विकसित गर्न यस योजनाअन्तर्गत हामी शिक्षा, स्वास्थ्य, महिला र शिशुहरूलाई पौष्टिक आहार, विकलाङ्ग र वृद्धहरूलाई कल्याण राशि, दुःखमा परेका महिला तथा अनाथहरूलाई सहयोगजस्ता कार्यक्रमहरू सञ्चालन गर्नेछौं। सामाजिक कल्याणको क्षेत्रमा थप कार्यहरू गर्ने निर्णय हामीले अघिबाटै लिइसकेका छौं। तीमध्ये कतिपय यस प्रकार छन् :-

१. आईसीडीएस सेण्टरका स्कुले नानीहरूलाई प्रत्येक दिन १ ग्लास दूध, हप्तामा एकचोटि खीर अनि रहल दिनहरूमा खिचड़ी ख्वाइनेछ।

२. राज्यबाहिर उपचारार्थ रेफर गरिएका विरामीहरूका निम्ति मुटु, किडनी वा क्यान्सरका विमार भए रु. ४०,००० अनि अन्य विमार भए रु. ३०,००० राहत अनुदान प्रदान गरिनेछ।

३. मजदूरहरूका दैनिक ज्याला बढ़ाइनेछ।

४. वृद्धकालीन भत्ता तथा विकलाङ्ग भत्ताको राशि वृद्धि गरिनेछ।

५. गरीबी रेखामुनिका जनगणको निम्ति युनिवर्सल फिनान्सियल इन्क्लुशनअन्तर्गत ब्याङ्क खाता खोलिदिइनेछ।

६.राज्यमा अनाथहरूको निम्ति पारिवारिक आवास निर्माण गरिनेछ। जसको निमित्त यस वित्त वर्षमा एक करोड़ रुपियाँ राशि छुट्याइएको छ।

आदरणीय सिक्किमेली जनगण,

हामीले ग्रामीण इलाकामा बसोबासो गर्ने जनगणप्रति यथेष्ट ध्यान दिएका छौं। विगत दशकभित्रमा गरीबी उन्मूलनमा हामीले यथेष्ट कार्यहरू गरेका छौं। आज गरीबी रेखामुनिका जनसंख्या २० प्रतिशत मात्र रहेको छ, जो हामी सरकारमा आउनअघि ४० प्रतिशत थियो। हामी हाम्रा जनगणलाई सरकारी सहयोग उपलब्ध गर्नुसँगै उनीहरूको उत्पादनशीलतालाई पनि विकास गर्ने दिशामा कार्य गर्दै अघि बढ्नचाहन्छौं। हामीले सिधै जनगणको आमदानी बढ़ाउने र टिकाउ विकास योजनालाई प्राथमिकता दिँदै आएका छौं। यो कार्यक्रमलाई हामी अझै गतिशील पार्नेछौं, ताकि जनताको उत्पादनमूलकता अझै बृद्धि भएर जाओस्। पछिल्लो वर्षको तुलनामा यसपटक हामीले ग्रामीण विकासको क्षेत्रमा पनि १५ प्रतिशत योजनाराशि बढ़ाएका छौं। यसको उद्देश्य सामाजिक-आर्थिक असमानतालाई निर्मूल पार्नु पनि हो।

अति आदरणीय सिक्किमेली नागरिकगण,

सन् १९९५ सालमा जतिबेला हामीले पर्यावरण संरक्षणका अभियानहरू थाल्यौं, त्यसबेला वैश्विक तापवृद्धिको समस्या गम्भीर चुनौती भए पनि जनगण त्यस समस्याप्रति आजझैं सचेत र जागरूक थिएनन्। तर हामीले त्यतिबेलादेखि नै पर्यावरण संरक्षणको कार्यलाई अभियानको रूपमा अंगीकार गरेर व्यापक बृक्षरोपन गऱ्यौं। आज हामी नयाँ प्रतिबद्धतासहित कतिपय नयाँ हरित अभियानहरू परिचालन गरिरहेका छौं। यी अभियानहरूका माध्यमबाट आज वन्य क्षेत्र, वन्य जीव-जन्तु तथा पशुपंक्षीजस्ता प्राकृतिक सम्पदाको विकास र वृद्धि गर्न हामी सक्षम भएका छौं। कतिपय कठिन

निर्णयहरू गरेर भावी विश्वको जीवनलाई सुरक्षित गर्ने प्रयास हामीले सिक्किममा गरिरहेका छौं।

हाम्रो हरित अभियानको अङ्गको रूपमा हामीले भर्खरै एउटा नयाँ अन्वेषणमूलक अभियान चालु गरी राज्यका ६ लाखभन्दा अधिक जनसंख्यालाई वृक्षरोपन कार्यक्रममा सहभागी बनायौं। **टेन मिनट्स टू अर्थ** नामक यस कार्यक्रमअन्तर्गत ६ लाख १० हजार बिरुवाहरू दश मिनटभित्र रोपेर देश र विश्वमै एउटा इतिहास सिक्किमले सिर्जना गरेको छ। यो सुखद घटना देशमै एक उदाहरण हो।

तपाईंहरूलाई थाहै छ, सिक्किममा खोलानाला र धाराले जल सुरक्षाको क्षेत्रमा पारम्परिक रूपले नै ठूलो भूमिका निर्वाह गर्दै आएको छ। यस्ता खोला–नालाहरू विगत कतिपय वर्षदेखि सुक्दै र घट्दै गइरहेका छन्। कतिपय खोला–नालाहरू वर्षाऋतुमा मात्र भरिने भएका छन्। अत: यस्ता खोला–नालाहरूको स्रोतको विकास गर्न स्थानीय जनगण, पञ्चायत तथा विभागीय अधिकारीहरूको सहभागितामा हामीले धारा विकास कार्यक्रम व्यापक रूपमा सञ्चालन–परिचालन गरिरहेका छौं। यसको साथमा सिक्किमका गाउँहरूका लागि जलसुरक्षा सुनिश्चित गर्न राज्यभरि ग्रामीण खोला–नालाहरूको मानचित्र पनि तयार गरिरहेका छौं।

हाम्रा पारम्परिक जीवन अनि पारम्परिक विश्वासहरू प्रकृतिको सेरोफेरोमा हुर्किएका छन्। सिक्किममा बहुसंख्यक जनगण एक वा अर्को अर्थमा प्रकृतिपूजकहरू छन्। हामी प्रकृति, पहाड़, नदी, जङ्गल आदिलाई स्थानीय इष्टदेवको रूपमा पूजा गर्दछौं। प्रकृतिलाई पूजा गर्ने यो पारम्परिक दर्शन सम्भवत: हाम्रैतिर मात्र छ। यो कुरा गत वर्ष

लसएञ्जेलस्मा सम्पन्न भएको मौसम परिवर्तन सम्बन्धी गोष्ठीको अवसरमा जब मैले उठाएँ, पश्चिमी देशका मानिसहरू आश्चर्यचकित भएका थिए। अनि आज मौसम परिवर्तन अनि त्यसको निराकरण सम्बन्धमा छलफल भइरहेको बेला पनि हाम्रा पारम्पारिक तौर-तरीकाहरू नै सर्वाधिक प्रभावकारी हुनसक्नेछ भन्ने मलाई लाग्दछ। आज हिमनदीहरूको संकुचन वा हिमालय क्षेत्रको घट्दो आयतन सम्बन्धी बहसहरूमा हाम्रो उल्लेख हुनेगरेको छ। विश्वले प्रकृति संरक्षणका श्रेष्ठतम उपायहरूका लागि हामीतर्फ नजर फर्काएको बेला हामी आफ्ना सबै हरित अभियानहरूलाई यथावत रूपमा सञ्चालन गरिरहन चाहन्छौं।

अति आदरणीय कर्मचारीगण,

मैले अघिबाटै तपाईंहरूलाई बताइसकेको छु कि हामी केन्द्रीय वेतन आयोगका सिफारिशहरूलाई जस्ताको तस्तै लागू गरेर राज्यका कर्मचारीहरूलाई केन्द्रीय कर्मचारीहरूकै समान वेतनमान दिनसक्नेछौं। तर राज्यका कर्मचारीहरूको हितलाई ध्यानमा राख्दै त्यसो नगरेर राज्यको आफ्नै वेतन आयोग गठन गर्ने निर्णय हामीले गर्‍यौं। राज्यका विभिन्न तहका कर्मचारीहरूको वेतन संरचनामा रहिआएका विषमताहरूलाई ठीक गर्न र सबै तहका कर्मचारीहरूलाई न्याय दिन हामीले यो निर्णय गर्‍यौं। त्यसैको निम्ति हामीले कर्मचारीहरूका गुनासाहरूलाई सम्बोधन गर्न एउटा शिकायत समिति गठन गर्‍यौं। सिक्किमका कर्मचारीहरूले देशमै सर्वाधिक वेतनमान पाइरहेको कुरा तपाईंहरूलाई थाहै छ। सिक्किममा कर्मचारीहरू कुनै महीना पनि वेतनबाट वञ्चित रहेका छैनन्, जबकि अन्य कतिपय राज्यहरूमा

स्वयं मन्त्रीहरूले पनि महिनौंसम्म वेतन–भत्ता पाउन नसकेका घटनाहरू हाम्रा सामु छन्।

विभिन्न कर्मचारी सङ्गठन तथा अन्य व्यक्तिहरूका दावी र माग–पत्रहरूलाई सहानुभौतिक रूपले विचार–विवेचना गरी उनीहरूलाई न्याय दिलाउने कार्यमा आज हामीले धेरै हदसम्म सफलता पाएका छौं। आज हामीले राज्यको चौथो वेतन आयोगका सिफारिशको आधारमा ८२८ करोड़ रुपियाँ कर्मचारीको निम्ति छुट्याएका छौं। कर्मचारीहरूका समस्त जमा पूँजीलाई (एरियर) हामी क्रमबद्ध रूपमा भुक्तान गर्नगइरहेका छौं।

अति आदरणीय सिक्किमेली जनगण,

भनिन्छ – रोम एक दिनमा बनिएको थिएन। कुरो सही पनि हो। १९९४ –पछि सिक्किमले समृद्धि र प्रगतिको नयाँ बिहानीको अनुभव गऱ्यो। सिक्किमको पवित्र भूमिलाई नैतिक अधोपतन, अर्थनैतिक बर्बादी अनि सामाजिक–सांस्कृतिक अधोगतिबाट हामीले उद्धार गऱ्यौं। आज हामी राज्यका प्रत्येक गाउँहरूलाई स्विट्जरल्याण्ड अनि शहरी क्षेत्रहरूलाई सिङ्गापुरझैं बनाउने स्थितिमा छौं। भावी दिनहरूलाई पनि विचार गरेर शहरी क्षेत्रहरूको विकास गर्न सिङ्गापुरका विशेषज्ञहरूलाई शहरी गुरूयोजना (Urban Master Plan) तयार गर्नलगाएका छौं। यसद्वारा स्थानविशेषको भौगोलिक अवस्थानको आधारमा शहरी सुविधाहरूलाई सर्वोत्कृष्ट रूपमा उपयोग गर्नसक्ने गरी योजनाहरू बनाइनेछ र लागू गरिनेछ।

हामी सिक्किमका ग्रामीण इलाकालाई पनि उसरी नै योजनाबद्ध ढङ्गमा विकास गर्नचाहन्छौं। हाम्रो सरकारले ग्राम विकास कार्ययोजना

अन्तर्गत गाउँहरूको विकासको लागि ग्रामीण गुरूयोजना (Rural Master Plan) तयार गर्ने निर्णय लिएको छ। यस सम्बन्धमा हामीले अघिबाटै फ्रीबोर्ग युनिवर्सिटीका प्रोफेसर बर्नार्ड ड्याफलोनसित गहिरो विचार–विमर्श गरिसकेका छौं। गाउँ विकासको कार्ययोजना तयार पार्न परामर्शदाताको रूपमा हामीले उहाँलाई नियुक्त गरेका छौं। जनताको हित र राज्यको भविष्यको पक्षमा उठाइएका यस्ता ठोस कदमहरूको सराहना तपाईंहरूले गर्नुहुनेछ भन्ने पूर्ण विश्वास मलाई छ।

हामी जति अधिकारहरूको माग गर्छौं, त्यति नै आफ्नो कर्त्तव्यप्रति पनि सचेत र जागरूक हुनुपर्दछ भन्ने कुरामा हामीले सधैं जोर दिएका छौं। जन–प्रतिनिधिको रूपमा चुनाउका बेला जनतालाई दिइएका सबै वाचाहरू हामीले पूरा गरेका छौं। राज्यको विकासको गतिलाई यथावत राखेर अल्पमियादी एवं दीर्घमियादी उपायहरूद्वारा राज्यको अर्थनीतिलाई हामीले धेरै सुधार गरेका छौं।

राज्यमा हवाईसेवा, रेलसम्पर्क तथा राजमार्गको बढ़ोत्तरीजस्ता पूर्वाधार विकासका मागहरूलाई हामीले केन्द्रमा बारम्बार उठाएका छौं। हाम्रो लगातार प्रयासको फलस्वरूप पाक्योङको ग्रीनफिल्ड हवाईपट्टीको निर्माण कार्य आगामी २०११ –को जुलाई महीनाभित्र पूरा हुनेछ। रम्फूलाई रेललाइनले जोड़िनेछ, जसलाई पछिबाट नथुलासम्म विस्तार गरिनेछ। राज्यलाई रहल देश र दुनियाँसित जोड्न एउटा वैकल्पिक सड़कको निर्माण पनि गरिनेछ।

अति आदरणीय धर्मपरायण जनगण,

भनिन्छ, आत्मिक पुनर्जागरण नै नभए विश्वलाई शान्तिको कुनै अर्थ रहनेछैन। यसबाट धर्मपरायण र शान्त सिक्किमेली जनगणको मनस्थितिलाई बुझ्न सकिन्छ। राज्यवासीको धार्मिक जीवनमा अझै सुधार ल्याउन र सन्तुलित विकासलाई कायम राख्न हामीले राज्यभरि अनेकौं धार्मिक केन्द्रहरू स्थापना गरेका छौं। साम्डुप्चेमा निर्मित १३५ फीट अग्लो गुरू रिम्पोछेको मुर्तिले धार्मिक क्षेत्रमा प्रशस्त ख्याति पाइसकेको छ। राभाङलामा स्थापना हुनगइरहेको भगवान बुद्धको मुर्ति यथासमयमा पूरा गरिनेछ। यसबाहेक पनि महात्मा श्रीजङ्गा, भगवान शिव, भानुभक्तका मुर्ति तथा सोलोफोकमा निर्माणाधीन ज्योतिर्लिङ्गसहितको चारधामजस्ता अनेकौं कामहरू भइरहेका छन्। पश्चिम सिक्किमको दरम्दिनमा सर्वधर्म साईमन्दिर, रिनाकमा सिद्धी विनायक मन्दिर, आसाङथाङमा सिरडी साईबाबा मन्दिर, मल्लीको मुङ्गराम–लुङचोकस्थित ताम्लेटारमा शक्तिस्थल अनि गान्तोकमा भव्य ठाकुरबाड़ी मन्दिर अनि भव्य गिर्जाघर निर्माणाधीन छन्। आज हामी चेँरजीको मुर्ति पनि स्थापना गर्न गइरहेका छौं। यी सबै योजनाहरू पूरा गरेर हामी सिक्किमलाई तीर्थाटनको केन्द्र बनाउन चाहन्छौं, र आत्मिक सुख र शान्ति चाहने पर्यटकहरूलाई आकर्षित गरी राज्यको नाम र भविष्यलाई उज्ज्वल पार्न चाहन्छौं।

राज्यमा पर्यटनको विकास गर्न हामी भालेढुङ्गामाथि स्काईवाक्को निर्माण गर्न गइरहेका छौं।

पश्चिम सिक्किमको उत्तरेमा हिलेरी–तेञ्जिङ उद्यान र तालको निर्माण गरिरहेका छौं।

हामी सिक्किमको सबै घोषित बजारहरूलाई विश्वस्तरीय बजारको रूपमा आधुनिकीकरण र विकास गर्नेछौं।

अति आदरणीय सिक्किमेली बन्धुबान्धव,

भारतले जब उपनिवेशकहरूको पञ्जाबाट मुक्ति पायो, लाखौं मानिसहरूले विभाजनको दु:ख पनि झेल्नुपऱ्यो। जतिखेर आम भारतवासी जनगण लालकिल्लामा त्रिरङ्गा फहऱ्याउने तयारी गरिरहेका थिए, त्यतिखेर राष्ट्रपिता देशमा फैलिएको साम्प्रदायिक आगोलाई निभाउने चिन्ताले व्यग्र हुनुहुन्थ्यो, सभा र प्रार्थना–सभाहरूको आयोजना गरिरहनुभएको थियो। प्रार्थना सार्थक भयो। स्वराजका निम्ति हाम्रा शहीदहरूले गर्नुभएको अतुल्य बलिदानको फल देशले प्राप्त गऱ्यो। अब समय आएको छ, हामीले उहाँहरूको आकांक्षालाई फलीभूत गरिदिन सकौं। आज देशमा अनेकौं समस्याहरू छन्। वैश्वीकरणले थुप्रै अवसरहरू ल्याइदिएको छ, र उत्तिकै चुनौतीहरू पनि भित्र्याइदिएको छ। हामीले ती चुनौतीहरूको सामना गर्नुपरेको छ। सिक्किम र सिक्किमेली जनगणको सामुहिक सुरक्षा र समृद्धिको क्षेत्रमा कुनै सम्झौता नगरी हामीले आफ्नो मूल लक्ष्यलाई अघि बढ़ाउनुपर्नेछ।

हामीले इमान्दार विचार र दृढ़ प्रतिबद्धता राखेर हाम्रा सपना र लक्ष्यहरूलाई सन् २०१५ –भित्र पूरा गर्ने लक्ष्य निर्धारित गरेका छौं। जसद्वारा हामी सिक्किमलाई एक आदर्श राज्यमा फेर्न –

१) गरीबीमुक्त राज्य

२) निरक्षरतामुक्त राज्य

३) रोगमुक्त राज्य

४) नशालु पदार्थ सेवनबाट मुक्त राज्य र एड्‌समुक्त राज्य

५) भ्रष्टाचारमुक्त राज्य

६) परिपर्यटन केन्द्र

७) बेरोजगारी शुन्य क्षेत्र

८) अवसरै अवसरको राज्य

९) उत्पादक राज्य

१०) सर्वश्रेष्ठ कल्याणकारी राज्य

११) सर्वाधिक सुखी राज्य

बनाउन चाहन्छौं।

अति आदरणीय सिक्किमेली जनगण,

मेरो एउटा र केवल एउटै मात्र जुनून(OBSESSION) छ, एउटै मात्र लगाव र चाहना छ कि सिक्किमलाई समृद्धिशाली राज्य बनाउँ। आज म सबै सिक्किम सब्जेक्टधारी नागरिकहरूलाई जनजातिको रूपमा मान्यता दिलाउने र सिक्किमलाई नै जनजाति राज्य बनाउने राजनैतिक कार्यक्रम लिएर काम गरिरहेको छु। लिम्बू-तामाङ समुदायलाई सिक्किम विधानसभामा जनजातिको रूपमा सीट आरक्षण गर्न, व्यापारी समुदायलगायतका सिक्किमका पुराना बासिन्दाहरूलाई पनि आयकरबाट छूट दिलाउन र सर्वोपरीमा सिक्किमका जनगणको अनन्त सुख-शान्तिको निम्ति आदर्श सामाजिक-आर्थिक एवं राजनीतिक-सांस्कृतिक परिवेश सिर्जना गर्न हामी रातदिन एक गरेर खटिरहेका छौं।

अति आदरणीय सिक्किमेली नागरिकगण,

पवित्र गीतामा भनिएको छ, *कर्म गर, फलको आशा नगर।* हामीले पनि  यही धर्मभावलाई अङ्गीकार गरेर फलको आशा नराखी सर्वोच्च इमान्दारीले केवल आफ्नो कर्त्तव्यको निर्वहन गर्दै आइरहेका छौं। हाम्रो त्यही धर्मभावको कारण सिक्किमेली जनगणले पनि हाम्रो कामको मूल्याङ्कन गर्दै हामीलाई लगातार चौथोपटक सरकार बनाउने जनादेश दिएर हामीप्रति विश्वास जाहेर गर्नुभएको छ। यो महान् अवसरमा सिक्किमेली जनगणको विश्वासलाई सधैं कायम राख्ने वचन म दोहोऱ्याउन चाहन्छु।

स्वाधीनता दिवसको यस महान् अवसरमा सम्पूर्ण सिक्किमेली जनगणलाई फेरि पनि हार्दिक बधाई ज्ञापन गर्दै सबैको सुखमय र समृद्धिशाली जीवनको मङ्गलकामना व्यक्त गर्दछु।

जय हिन्द!

जय सिक्किम!

१५ अगस्त, २००९